राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ६ अंक २९४ २०८२ असार ६ गते शुक्रवार (20 June 2025) पृष्ठ ४ मूल्य रु. ३।-

## जनकपुर क्षेत्र विकास परिषद्का पूर्व निर्देशकसहित ९ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

दैनिक समाचारदाता

जनकपुरधाम, ५ असार । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का तत्कालीन कार्यकारी निर्देशक बलराम ठाकुरसहित ९ जनाविरुद्ध भ्रष्टाचार गरेको आरोपमा विशेष अदालतमा मुद्दा दायर गरेको छ।




ठाकुरमाथि बिना प्रक्रिया परिषद्को रकम खर्च गरेको, स्कारपियो गाडी खरिद र बिक्री प्रक्रियामा अनियमितता गरेको आरोप लागेको छ। आयोगका अनुसार, उनले गाडी खरिद गर्दा सार्वजनिक निकायको प्रक्रिया नअपनाई व्यक्तिगत स्वार्थका लागि प्रयोग गरेका थिए।

मुद्दामा समावेश अन्य प्रतिवादीहरूमा ठाकुरकी श्रीमती इन्दुलेखा कुमारी ठाकुर, परिषद्का लेखापाल सावित्री गिरी, प्रशासकीय अधिकृत चिरञ्जीवी शर्मा, कम्प्युटर अधिकृत कृष्णमुरारी सिंह, सवारी चालक विक्की कुमार चौधरी, उपभोक्ता समिति अध्यक्ष विजयकुमार यादव, कोषाध्यक्ष बविता देवी साह तथा ठेकेदार जितेन्द्रकुमार यादव रहेका छन्।

आयोगले प्रत्येक प्रतिवादीविरुद्ध फरक-फरक बिगो दाबी गर्दै मुद्दा दायर गरेको छ। जसअनुसार:

- *बलराम ठाकुर विरुद्ध रु ५१ लाख ७१ हजार ८४४,*
- *श्रीमती इन्दुलेखा ठाकुर विरुद्ध रु ४५ लाख २२ हजार ८४५,*
- *लेखापाल सावित्री गिरी विरुद्ध रु ३० लाख ७२ हजार ८४४,*
- *प्रशासकीय अधिकृत शर्मा विरुद्ध रु १० लाख १ हजार ८७६,*
- *कम्प्युटर अधिकृत सिंह विरुद्ध रु १४ लाख ९९ हजार,*
- *उपभोक्ता समिति अध्यक्ष र कोषाध्यक्ष विरुद्ध रु २० लाख ९९ हजार,*
- *ठेकेदार जितेन्द्रकुमार यादवविरुद्ध पनि फरक बिगो माग गरिएको छ।*

ठाकुर २०७५ मंसिर ५ गतेदेखि २०७९ मंसिर ४ गतेसम्म परिषद्को कार्यकारी निर्देशकका रूपमा कार्यरत थिए। उक्त अवधिमा उनले अन्य प्रतिवादीहरूसँगको मिलेमतोमा परिषद्को रकमबाट स्कारपियो गाडी खरिद गरेको आरोप छ। झन, गाडी खरिदका लागि पहिलो किस्ता तिरेको एक वर्षपछि उनले गाडी आफ्नी श्रीमतीको नाममा नामसारी गराएका थिए, जसले गम्भीर अनियमितताको संकेत गर्दछ। अख्तियारले यस प्रकरणमा सार्वजनिक पदको दुरुपयोग गर्दै सरकारी स्रोतको निजी लाभमा प्रयोग गरिएको पुष्टि भएको दाबी गर्दै कारबाहीको मागसहित मुद्दा अघि बढाएको छ।

## आँप राजधानी मधेश : उत्पादन, सम्भावना र सरकारको योजना

दैनिक समाचारदाता

जनकपुरधाम, ५ असार । मधेश प्रदेशलाई अब अन्नको भण्डार मात्र नभई "आँपको राजधानी" समेत भनेर चिनिन थालिएको छ। नेपालमै सबैभन्दा बढी आँप उत्पादन हुने यो प्रदेशमा आँप खेती परम्परागतदेखि व्यावसायिक तरिकासम्म फैलिएको छ। मधेशको उर्वर माटो, अनुकूल हावापानी र किसानहरूको लगनशीलता मिलेर प्रदेशलाई फलफूल उत्पादनमा अग्रस्थानमा पुर्‍याएको छ।

यहाँ विशेष गरी बमई, माल्दा, दसहरी, कृष्ण भोग, आम्रपालीजस्ता ४० भन्दा बढी प्रजातिका आँप उत्पादनमा छन्। कतिपय किसानले आधुनिक प्रविधियुक्त घना बगैँचा स्थापना गरी व्यावसायिक खेती गरिरहेका छन् भने धेरैले परम्परागत तरिकाले पनि उत्पादनलाई निरन्तरता दिएका छन्। मधेश प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव डा. उमेश दाहालका अनुसार देशभर आँप खेती हुने ४२ हजार ७७३ हेक्टर क्षेत्रफलमध्ये २९ हजार ९९ हेक्टर मधेशमा पर्छ। कुल पाँच लाख १३ हजार मेट्रिक टन उत्पादन हुने आँपमध्ये मधेश प्रदेशको हिस्सा मात्रै तीन लाख ९५ हजार मेट्रिक टन अर्थात् करिब ७७ प्रतिशत रहेको छ।

प्रदेशका सिराहा, सप्तरी, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा जिल्लामा ठूलो परिमाणमा आँप खेती हुन्छ। सिराहा मात्रबाट वार्षिक एक लाख मेट्रिक टनभन्दा बढी आँप उत्पादन हुन्छ। यस्तै, सप्तरीमा ९६ हजार, धनुषामा ३६ हजार ९१६, सर्लाहीमा



३९ हजार ११८ मेट्रिक टन आँप फल्ने सरकारी तथ्याङ्कले देखाउँछ।

तर, उत्पादन जति भए पनि बजारीकरण र भण्डारण व्यवस्थापनमा अझै चुनौती छ। नेपाल होटल तथा पर्यटन व्यवसायी संघ, मधेश प्रदेशका अध्यक्ष हिरा गौतमका अनुसार सिजन सकिएपछि बजारमा विदेशी आँपको चाप बढेर स्थानीय उत्पादक मर्कामा पर्ने गरेको छ। "यदि भण्डारण सुविधा राम्रोसँग विकास गर्न सकियो भने विदेशी आयातलाई घटाउँदै स्थानीय किसानको आम्दानी वृद्धि गर्न सकिन्छ," गौतमले बताउनुभयो। उहाँले आँपका परिकार–जस्तै अचार, सुकुटी, अमोट आदि–लाई प्रवर्द्धन गर्दै पर्यटनसँग पनि गाँस्न सकिने सम्भावनातर्फ संकेत गर्नुभयो।मधेश प्रदेशका कृषि मन्त्री जनार्दन सिंह क्षेत्रीले 'आँप बगैँचा, मधेशको समृद्धि' नारासहित आगामी वर्षमा अझ व्यापक कार्यक्रम ल्याउने जानकारी दिनुभयो। उहाँका अनुसार "आँप मिसन कार्यक्रम" मार्फत प्रशोधन केन्द्र स्थापना, भण्डारण प्रणाली निर्माण, र निर्यात प्रवर्द्धन जस्ता दीर्घकालीन योजनाहरू अगाडि बढाइएका छन्।

"हामी आँप उत्पादनलाई प्रविधिमैत्री, आधुनिक र निर्यातमुखी बनाउने योजनामा छौं," मन्त्री क्षेत्रीले भन्नुभयो, "यसले मधेश प्रदेशको आर्थिक समृद्धिमा ठुलो टेवा पुर्‍याउनेछ।"

मधेश प्रदेशको आँप उत्पादनले कृषि, पर्यटन र उद्योग क्षेत्रलाई एकैसाथ जोड्ने ठूलो सम्भावना बोकेको छ। सरकार, किसान र निजी क्षेत्रको सहकार्यमा यदि उत्पादन, भण्डारण र बजारीकरण सुदृढ गर्न सकियो भने मधेश निश्चय नै नाफामूलक 'आँप राजधानी' को परिचयलाई विश्व बजारसम्म विस्तार गर्न सक्छ।

## करेन्ट लागेर महिलाको मृत्यु

दैनिक समाचारदाता

जनकपुरधाम, ५ असार । धनुषाको मिथिला नगरपालिका-१, ढल्केबरमा बाली जोगाउन खेतमा जडान गरिएको विद्युत् तारमा करेन्ट लागेर एक महिलाको मृत्यु भएको छ । बिहीबार बिहान ९ बजे स्थानीय ५० वर्षीया मङ्लीदेवी महतोको करेन्ट लागेर मृत्यु भएको इलाका प्रहरी कार्यालय ढल्केबरले जनाएको छ । प्रहरीका अनुसार मङ्गलीदेवी सोही वडाका रामअशिष महतोकी श्रीमती हुन् । घर नजिकै रहेको तरकारी खेतमा काम गर्न जाँदा खेत वरिपरि जडान गरिएको करेन्ट प्रवाह गरिएको तारमा छोएपछि उहाँको घटनास्थलमै मृत्यु भएको हो । इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक जटाशङ्कर यादवले घटनास्थलमा प्रारम्भिक अनुसन्धानमा स्थानीय रामप्रमोद महतोले जङ्गली जनावरबाट आफ्नो खेतमा लगाइएको तरकारी बाली जोगाउन बिजुलीको नाङ्गो तार खेत वरिपरि तानेर करेन्ट प्रवाह गरेको पाइएको बताउनुभयो । खेतको सुरक्षा गर्न बनाइएको विद्युतीय घेरामा परेर महिलाको मृत्यु भएको उहाँले जानकारी दिनुभयो ।

मृतक महिलाको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुर पठाइएको छ भने घटना सम्बनधमा थप अनुसन्धान भइरहेको प्रहरी निरीक्षक यादवले जानकारी बिताउनुभयो ।

स्थानीय बासिन्दाका अनुसार यहाँका केही किसानले खेतको तरकारी तथा अन्य बाली जङ्गली जनावरबाट बचाउन विद्युतीय तार तानेर करेन्ट प्रवाह गर्ने गरेका छन् । तर यसरी जडान गरिएको अवैधानिक तारले मानवीय क्षति बढेको स्थानीयको भनाइ छ ।


सांस्कृतिक विविधताको सम्मान गरौं ।

– सबै धर्म, जात, जाती भाषा भाषी, भेषभूषा र पहिचानको सम्मान गरौं ।
- सबैका चाडपर्वमा सहभागी बनौ, अन्तरस्वाद बढाऔं,
- भेदभाव, छुवाछुत, घृणा र हिंसाविरुद्ध बोलौं,
- सांस्कृतिक कार्यक्रम र परम्परालाई संरक्षण गरौं,
- समावेशी समाज निर्माण गरौं,
- विविधतामा एकताको भावना निर्माण गरौं ।

*'साँस्कृतिक विविधताको सम्मान गरी एकता कायम गरौं'*

नेपाल सरकार
विज्ञापन बोर्ड

अब अनलाइनबाट बुकिङ्गको सुविधा





- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि


www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :977041 591077

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035



## सम्पादकीय

# स्थानीय तहमा बजेट विनियोजन : कार्यान्वयनको यथार्थ परीक्षण

मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८२/८३ का लागि ल्याएको बजेटमार्फत स्थानीय तहलाई लक्षित गर्दै विशेष, समपूरक र सशर्त अनुदान शीर्षकमा उल्लेख्य रकम विनियोजन गरेको छ। शिक्षा, स्वास्थ्य, खानेपानी तथा सहिद परिवारका लागि कार्यक्रम कार्यान्वयन गर्न विशेष अनुदानअन्तर्गत ३८ करोड १० लाख रुपैयाँ विनियोजन गरिएको छ। त्यस्तै, कार्यविधि अनुसारका क्षेत्रहरूमा योजना लागु गर्न समपूरक अनुदानमा २८ करोड १० लाख र सशर्त अनुदानमा १ अर्ब २२ करोड ५० लाख रुपैयाँ छुट्याइएको छ।

प्रदेश सरकारले स्थानीय तहलाई सशक्त र उत्तरदायी बनाउन बजेट विनियोजन गर्नु सकारात्मक प्रयास हो। किनकि स्थानीय तहहरू जनताको दैनिक जीवनसँग प्रत्यक्ष सम्बन्धित सेवा र पूर्वाधार विकासका लागि सबभन्दा नजिकका निकाय हुन्। बजेट मार्फत प्रदेश र स्थानीय सरकारबीचको समन्वय बलियो बनाउन सकिन्छ भने त्यसले समग्र विकास प्रक्रियामा गति दिन सक्छ।

तर यस्ता बजेट घोषणाको असर कति प्रभावकारी हुन्छ भन्ने कुरा यसको कार्यान्वयनमा निर्भर रहन्छ। विगतमा पनि यस्ता अनुदान विनियोजन भए तापनि समयमै निकासा नहुनु, स्पष्ट योजना नहुनु, दक्ष जनशक्तिको अभाव र अनुगमन प्रणाली कमजोर हुनुजस्ता कारणले रकम खर्च हुन सकेको थिएन। परिणामस्वरूप धेरै योजना अलपत्र परे, अधुरै रहन पुगे वा लक्षित समुदायसम्म पुग्न सकेनन्।

यसपटकको बजेट सफल बनाउने हो भने प्रदेश सरकारले बजेटसँगै योजना कार्यान्वयनको स्पष्ट निर्देशिका, मापदण्ड र अनुगमन संयन्त्र तयार पार्नुपर्छ। स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीलाई बजेट योजना, कार्यान्वयन र मूल्यांकनको दक्षता दिन तालिम आवश्यक छ। पारदर्शिता कायम राख्न प्राविधिक प्रणालीको प्रयोग, सामाजिक अडिट र नागरिक सहभागिता अनिवार्य हुनुपर्छ।

अन्ततः, बजेट विनियोजनले सकारात्मक प्रभाव पार्न उसबेलासम्म सम्भव छैन, जबसम्म यसको कार्यान्वयन चुस्त, पारदर्शी र जनउत्तरदायी हुँदैन। मधेश प्रदेश सरकारले घोषणामा जति सक्रियता देखाएको छ, कार्यान्वयनमा पनि उस्तै प्रतिबद्धता देखाउन आवश्यक छ। स्थानीय तहमार्फत जनतालाई प्रत्यक्ष फाइदा पुग्ने गरी बजेट प्रयोग भए मात्र यसको सार्थकता पुष्टि हुनेछ।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

# दोस्रो स्टक एक्स्चेन्ज : आर्थिक समृद्धिको ढोका खोल्ने अवसर



राजन कुमार झा

नेपालको पूँजीबजार लामो समयदेखि नेपाल सरकारको स्वामित्वमा रहेको र नेपाल धितोपत्र बोर्ड (सेबोन) ले नियमन गर्ने नेप्से ( नेपाल स्टक एक्स्चेन्ज) को एकमात्र व्यवस्थापनमा सञ्चालनमा छ । नेप्सेले विगतमा बजारलाई आधारभूत संरचना दिए पनि देशको आर्थिक विकासको तीव्र गति र पूँजीबजारको बढ्दो दायरासँगै यसका क्षमता र सीमितता अब स्पष्ट देखिन थालेका छन् । विश्वव्यापी वित्तीय बजारमा भइरहेका परिवर्तन र नेपालको आर्थिक उदारीकरण लक्ष्य हेर्दा एउटै स्टक एक्स्चेन्ज भविष्यका चुनौती र अवसरलाई पूर्णरूपमा सम्बोधन गर्न सक्दैन भन्ने यथार्थ अझ प्रष्ट भएको छ । नेपाली पूँजीबजारले अब गुणात्मक फड्को मार्ने बेला आएको छ, जसका लागि संरचनागत सुधार र आधुनिकीकरण अपरिहार्य देखिन्छ । हाल नेपालमा दोस्रो स्टक एक्स्चेन्ज स्थापना गर्ने विषयले ठूलो चर्चा पाएको छ । यो लेखमार्फत नेपाली पूँजीबजारको भविष्यबारे गहिरो विश्लेषण गर्दै यसका ऐतिहासिक पक्ष, हालका चुनौती, भविष्यका अवसर, प्रतिस्पर्धाको महत्त्व र अन्तर्राष्ट्रिय अभ्यास समेट्दै देशको आर्थिक विकासमा पूँजीबजारको भूमिकाबारे महत्त्वपूर्ण जानकारी दिने प्रयास गरिएको छ ।

*अर्को स्टक एक्स्चेन्जको आवश्यकता : ऐतिहासिक पृष्ठभूमि र नीतिगत आधार*

नेपालमा दोस्रो स्टक एक्स्चेन्जको बहस आजको होइन, यो दशकौंदेखि चलिरहेको विषय हो । विभिन्न सरकार र नियमनकारी निकायले यसको आवश्यकतालाई पटक-पटक स्वीकारेका छन् । दोस्रो स्टक एक्स्चेन्जको आवश्यकता पूँजीबजारको स्वाभाविक विकासक्रम र गहन अध्ययनहरूको प्रतिफल हो, आकस्मिक निर्णय होइन । लालमणि जोशी (२०६५) र भीष्म ढुंगाना संयोजकत्वका समितिले बजार प्रतिस्पर्धा र एकाधिकार अन्त्यका लागि विगतमा नै दोस्रो एक्स्चेन्ज अपरिहार्य औंल्याएका थिए । हालै सार्वजनिक चिन्तामणि शिवाकोटीको प्रतिवेदनले पूँजीबजारको वर्तमान अवस्था, सीमित प्राविधिक पूर्वाधार र भविष्यको कारोबार चाप विश्लेषण गर्दै अर्को एक्स्चेन्जको आवश्यकतालाई थप बल पुऱ्याएको छ । यो प्राविधिक वा आर्थिक आवश्यकतामा मात्र सीमित छैन । देशको सर्वोच्च नीति निर्माण निकाय र न्यायपालिकाबाट समेत यसले अनुमोदन पाएको देखिन्छ। संसद्को अर्थ समितिले सरकारलाई अर्को स्टक एक्स्चेन्ज स्थापना गर्न सिफारिस गरेको छ । त्यस्तै नयाँ एक्स्चेन्ज रोक्न परेको रिट सर्वोच्च अदालतले खारेज गरेपछि यस सरकारी पहलले वैधानिकता पनि पाएको छ।

***वर्तमान पूँजीबजारको सीमितता र बढ्दो कारोबार चाप***

पछिल्लो दशकमा लगानीकर्ता संख्या र पूँजीकरणमा उल्लेख्य वृद्धि भए पनि नेपालको पूँजीबजारको पूर्वाधार र प्रविधिमा अपेक्षित सुधार देखिन सकेन, जसको परिणाम स्वरूप बजारको दिगो विकासमा चुनौती थपिँदै गएका छन् । हाल नेप्सेमा सूचीकृत करिब २ सय ५० कम्पनीमध्ये अधिकांश बैंकिङ, बीमा र जलविद्युत क्षेत्रका छन्, जसले बजारमा क्षेत्रगत सन्तुलन अभाव प्रष्ट्याउँछ । एउटै स्टक एक्स्चेन्जले विद्यमान कम्पनीहरूको कारोबार भार थेग्नुपर्दा, भविष्यमा सयौँ आईपीओको लाइनमा रहेका कम्पनी र निर्माणाधीन करिब ७ सय जलविद्युत् कम्पनीको विशाल चाप धान्न नसक्ने प्रबल सम्भावना छ । यो अवस्थाले पूँजीबजारमा जोखिम बढाउनुका साथै लगानीकर्ताको विश्वासमा गम्भीर असर पार्न सक्छ, किनकि एउटै प्रणालीमा यति धेरै चापले कम्पनी सूचीकरण प्रक्रियामा ढिलाइ र समग्र व्यवस्थापनमै जटिलता थप्ने छ ।

त्यसैले नयाँ कम्पनीलाई बजारमा आकर्षित गर्न, क्षेत्रगत सन्तुलन मिलाउन र साना तथा मझौला कम्पनीलाई समेत पूँजीबजारमा सहज प्रवेश गराउन अर्को स्टक एक्स्चेन्जको आवश्यकता औंल्याइएको हो । नेप्सेको सर्भर ह्याङ हुने र क्र्यास हुने बारम्बारका समस्याले लगानीकर्तालाई आजित पारिसकेको छ, जुन 'एकल-बिन्दु विफलता को ज्वलन्त उदाहरण हो । एक्कासि, कारोबार बढ्दा नेप्सेको कमजोर सर्भर र पुरानो प्रविधिले भार धान्न नसकेर प्रणाली नै ठप्प भएको धेरै दृष्टान्त हामीले विगतमा देखेका छौं । त्यस्तै नेप्सेको कमजोर पूर्वाधारका कारण केही ठूला खेलाडीले बजार कमजोरीको फाइदा उठाउँदै अर्बौं कमाइरहेको आरोप लाग्ने गरेको छ, जसले साना लगानीकर्तालाई जोखिममा पारेको छ । यो विषय पत्रपत्रिका तथा संसद्मा समेत बेलाबेला उठ्ने गरेको देखिन्छ । यद्यपि, अझ आधुनिक र परिष्कृत दोस्रो एक्स्चेन्जले बजारमा पारदर्शिता र निष्पक्षता बढाएर यस्ता अनियमितता धेरै हदसम्म नियन्त्रणमा लिन सक्छ । यी सबै प्रणालीगत कमजोरीले अब नेपाललाई बलियो, आधुनिक र वैकल्पिक कारोबार प्रणालीको खाँचो भएको स्पष्ट देखाउँछन् ।

***एनआरएनको लगानी र पूँजीबजारको बृहत विस्तार अवसर***

नेपालको पूँजीबजारलाई अन्तर्राष्ट्रियकरण गर्ने दिशामा २०८२/८३ को बजेटले एनआरएनलाई दोस्रो बजारमा लगानीको अनुमति दिएर महत्त्वपूर्ण पाइला चालेको छ । यसबाट बजारमा नयाँ पूँजी, जोस र व्यावसायिक सोच भित्रिने आश छ । लाखौं एनआरएनलाई सिधै पूँजीबजारमा जोड्दा देशमा पूँजीको नयाँ स्रोत खुल्छ, जसले तरलता बढाउँछ र कम्पनीलाई पूँजी जुटाउन सहज हुन्छ । यो निर्णयले नेपालको अर्थतन्त्रलाई विश्वव्यापी बजारसँग जोड्न मद्दत गर्छ ।तर, एनआरएनलाई आकर्षित गर्न भरपर्दो, सुरक्षित र सजिलो कारोबार प्रणाली हुनैपर्छ । एनआरएन भित्रिँदा कारोबारको मात्रा र लगानीकर्ता संख्या ह्वात्तै बढ्ने अनुमान छ । थोरैथोरै रकमबाटै पनि अर्बौंको नयाँ लगानी तुरुन्तै भित्रिन सक्छ, जुन निरन्तर बढ्दै जाने छ । यसले अहिलेको कारोबार भोल्युमलाई कयौं गुणा बढाउन सक्छ । अहिलेकै प्रणाली सामान्य अवस्थामा पनि बारम्बार क्र्यासु हुने गरेकोले कि त नेप्सेले छोटो समयमै आफ्नो पूर्वाधार र क्षमता ह्वात्तै बढाउनुपर्छ (जसको सम्भावना निकै कम छ), होइन भने अर्को स्टक एक्स्चेन्ज स्थापना गर्नु अनिवार्य भएको छ । नयाँ एक्स्चेन्जले बलियो, स्थिर र अत्याधुनिक प्रविधि दिएर यो विशाल कारोबार सजिलै सम्हाल्न सक्छ र एनआरएनलाई नेपालको विकासमा अझ बढी जोड्न पनि मद्दत गर्न सक्छ ।

***प्रतिस्पर्धा, दक्षता र सेवा गुणस्तरमा क्रान्ति***

पूँजीबजारमा एकाधिकार स्वस्थ प्रतिस्पर्धात्मक वातावरणका लागि सामान्यतया अनुकूल मानिँदैन, किनकि सरकारी स्वामित्वका कम्पनीहरू एकाधिकारमा सफल भएका उदाहरण कमै पाइन्छन् । एकाधिकारले नयाँपन र सेवाको गुणस्तरमा कमी ल्याउन सक्ने सम्भावना रहन्छ, जसको प्रत्यक्ष असर लगानीकर्तामाथि पर्न सक्छ । नेपाल टेलिकमको एकाधिकार तोडिएपछि निजी सेवा प्रदायक एनसेल आगमनले प्रतिस्पर्धा बढायो र टेलिकमलाई समेत सेवा सुधार्न बाध्य बनायो भन्ने उदाहरणले प्रतिस्पर्धाले सरकारी संस्थालाई चुस्त बनाउन र समग्र बजारको विकासमा मद्दत गर्न सक्ने देखाउँछ । यही सिद्धान्त पूँजीबजारमा पनि लागु हुन सक्छ, प्रतिस्पर्धाले नेप्सेलाई थप चुस्त र प्रभावकारी बनाउन मद्दत गर्न सक्छ । दोस्रो स्टक एक्स्चेन्ज भित्रिएपछि नेप्से पनि अत्याधुनिक प्रविधि, चुस्त सेवा र थप पारदर्शी बन्न बाध्य हुनेछ । यसले समग्र पूजीबजारको दक्षता र गुणस्तरमा सुधार ल्याउने छ, जसको प्रत्यक्ष लाभ लगानीकर्ता र कम्पनीहरूले प्राप्त गर्नेछन् । ब्रोकर सेवाको गुणस्तरमा वृद्धि, कारोबार शुल्कमा प्रतिस्पर्धा, छिटो र भरपर्दो कारोबार प्रणाली तथा नयाँ उत्पादनको विकास यसका केही प्रत्यक्ष फाइदा हुन् । प्रतिस्पर्धाले गर्दा एक्स्चेन्जहरूले लगानीकर्तालाई आकर्षित गर्न नवीनतम प्रविधि अपनाउनुपर्ने हुन्छ, जसले बजारलाई अझ सुरक्षित र कुशल बनाउँछ ।

***खुला बजार, निजी क्षेत्र र लगानीकर्ता***

नेपाल खुला अर्थतन्त्र र ग्लोबलाइजेसनको युगमा भए पनि हाम्रो पूँजीबजारमा भने विकल्प सीमित छन् । धितोपत्र बोर्ड (सेबोन) ले अझै डेरिभेटिभ्स र कमोडिटी कारोबारलाई अनुमति नदिएको तथा नेप्सेसँग पनि यस्ता उपकरण उपलब्ध नभएकाले हामी विश्वव्यापी बजारको प्रतिस्पर्धामा पछाडि परेका छौं । यसले बजारको गहिराइ र तरलता सीमित बनाउँदै नेपाली लगानीकर्तालाई विश्वव्यापी अवसरबाट वञ्चित गरिरहेको छ । यस्तो अवस्थामा दोस्रो स्टक एक्स्चेन्ज स्थापनाले डेरिभेटिभ्स र कमोडिटी कारोबारका लागि नयाँ प्रणाली स्थापना गर्दै बजारमा नयाँ आयाम थप्न सक्छ । ग्लोबलाइजेसनको सिद्धान्त अनुरूप वित्तीय क्षेत्रमा प्रतिस्पर्धा आवश्यक रहेकाले दोस्रो एक्स्चेन्ज आगमनले नेप्सेलाई अत्याधुनिक प्रविधि, चुस्त सेवा र थप पारदर्शी बन्न बाध्य पार्दै समग्र बजारको दक्षता र गुणस्तरमा सुधार ल्याउन सक्ने छ । यस प्रतिस्पर्धाले ब्रोकर सेवाको गुणस्तरमा सुधार ल्याउनुका साथै कारोबार शुल्क घटाउने, छिटो र भरपर्दो प्रणाली विकास गर्ने तथा नयाँ उत्पादन भित्र्याउने सम्भावना रहन्छ, जसबाट बजार अझ सुरक्षित र कुशल बन्नुका साथै लगानीकर्तालाई जोखिम व्यवस्थापनका थप अवसर प्राप्त हुन सक्छन् ।

***अन्तर्राष्ट्रिय अभ्यास : भारतीय सेयर बजारको सफलता***

अन्तर्राष्ट्रिय अभ्यासले पनि धेरै स्टक एक्स्चेन्जको आवश्यकता पुष्टि गर्छ । विश्वका धेरै विकसित र विकासोन्मुख राष्ट्रमा एकभन्दा बढी स्टक एक्स्चेन्ज सफलतापूर्वक सञ्चालित छन् । यो प्रवृत्तिले एकाधिकारभन्दा प्रतिस्पर्धालाई नै बजार विकासका लागि उत्तम बाटोका रूपमा स्वीकारेको छ । भारतीय सेयर बजार यसको उत्कृष्ट उदाहरण हो । भारतमा सन् १८७५ मा स्थापित बम्बई स्टक एक्सचेन्ज (बीएसई) परम्परागत प्रणालीमा आधारित थियो । तर, सन् १९९२ मा नेसनल स्टक एक्स्चेन्ज (एनएसई) स्थापनाले भारतीय पूँजीबजारमा क्रान्तिकारी परिवर्तन ल्यायो । एनएसईले सुरुदेखि नै अत्याधुनिक प्रविधि र राष्ट्रव्यापी स्वचालित कारोबार प्रणाली भित्र्यायो, जसले गर्दा बीएसईलाई पनि आफ्नो प्रविधि सुधार्न र आधुनिक बन्न बाध्य बनायो ।

आज बीएसई र एनएसई दुवै विश्वकै ठूला र सफल स्टक एक्स्चेन्जमा गनिन्छन्, जहाँ प्रत्येक वर्ष खर्बौं अमेरिकी डलर बराबर कारोबार हुने गरेको छ । खासगरी एनएसई विश्वकै सबैभन्दा ठूलो डेरिभेटिभ्स एक्स्चेन्जमध्ये एक हो भने इक्विटी कारोबारमा पनि अग्रणी स्थानमा छ । यी दुई एक्स्चेन्जबीचको स्वस्थ प्रतिस्पर्धाले भारतीय पूँजीबजारमा तरलता बढाइ, लगानीकर्तालाई थप विकल्प दिई, नयाँ वित्तीय उत्पादन भित्र्याइ र समग्र बजार थप गतिशील तथा पारदर्शी बनाउन महत्त्वपूर्ण भूमिका खेलेको छ । यसले भारतीय अर्थतन्त्रमा उल्लेख्य योगदान पुऱ्याउँदै देशको कुल गार्हस्थ उत्पादन (जीडीपी) को ठूलो हिस्सा ओगटेको छ । भारतीय बजारको यो सफलताले नेपालमा पनि दोस्रो स्टक एक्स्चेन्जले पूँजीबजार विकासमा कस्तो सकारात्मक प्रभाव पार्न सक्छ भन्ने स्पष्ट दृष्टान्त प्रस्तुत गर्छ । यदि दोस्रो स्टक एक्स्चेन्जले अत्याधुनिक प्रविधि र अन्तर्राष्ट्रिय मापदण्ड अपनाए नेपालको पूँजीबजार अन्य देशका बजारसँग जोड्न (क्रस-लिस्टिङ/डुअल-लिस्टिङ) पनि सहज हुनेछ । यसले नेपाली कम्पनीलाई अन्तर्राष्ट्रिय पूँजीमा पहुँच पुऱ्याउनुका साथै विदेशी लगानीकर्तालाई नेपालमा आकर्षित गर्न सक्छ ।

***राजनीतिक अस्थिरता र विकासको गति***

नेपालमा अहिले कुनै पनि दलले स्पष्ट बहुमत पाउन कठिन छ, जसले गर्दा सधैं त्रिशंकु संसद् र सम्झौतामा आधारित सरकार बन्ने सम्भावना रहन्छ । विभिन्न राजनीतिक दलका आ-आफ्नै स्वार्थ र प्राथमिकताले गर्दा विद्यमान संस्थाहरूको सशक्तीकरण र विकास प्रक्रियामा ढिलाइ हुन सक्छ । यसरी नीतिगत निर्णयमा ढिलाइ र कार्यान्वयनमा सुस्तता आउँदा नागरिकले पाउनुपर्ने आर्थिक अवसरमा बाधा पुग्छ । पूँजीबजारमा आधुनिकता र दक्षता अभावले लगानीकर्तालाई घाटामात्र नभई नयाँ व्यापारिक अवसरबाट समेत वञ्चित गराउँछ । जबसम्म विद्यमान संस्थालाई पूर्णरूपमा सशक्त र सक्षम बनाउन राजनीतिक प्रतिबद्धता र निरन्तरता सुनिश्चित हुँदैन, तबसम्म नागरिकले यसको मूल्य चुकाउनुपर्ने अवस्था रहन्छ । नागरिकको पूँजीबजारमा सुरक्षित, पारदर्शी र दक्षतापूर्ण पहुँच सुनिश्चित गर्नु राज्यको दायित्व हो । लामो समयसम्म एकाधिकार कायम राख्दा र राजनीतिक खिचातानीका कारण संस्थागत सुधारमा ढिलाइ हुँदा त्यसको प्रत्यक्ष मार समग्र अर्थतन्त्र र लाखौं लगानीकर्तामाथि पर्छ । त्यसैले, तत्कालै प्रतिस्पर्धी संयन्त्रको विकास गर्नु अपरिहार्य छ ।

***भविष्यको दृष्टिकोण : पूँजीबजारको नयाँ युग***

नेपालको पूँजीबजारले अब परम्परागत ढाँचाबाट माथि उठेर आधुनिक र गतिशील स्वरूपमा विकास हुनुपर्छ, जसका लागि दोस्रो स्टक एक्स्चेन्ज स्थापना एउटा महत्त्वपूर्ण कदम हो । नयाँ एक्स्चेन्जले उच्च-गतिको ट्रेड म्याचिङ इन्जिन, रियल-टाइम डाटा फिड, उन्नत जोखिम व्यवस्थापन प्रणाली र बलियो साइबर सुरक्षा प्रोटोकल जस्ता नवीनतम प्रविधि भित्र्याएर कारोबारलाई अझ छिटो, सुरक्षित र पारदर्शी बनाउन सक्ने हुनुपर्छ, जसले बजारलाई 'स्मार्ट मार्केट' को दिशामा लैजान सक्ने छ । यसमा कृत्रिम बुद्धिमत्ता र मेसिन लर्निङ प्रयोग गरी बजार प्रवृत्ति विश्लेषण गर्दै लगानीकर्तालाई अझ सशक्त निर्णय लिन मद्दत पुग्नुका साथै ब्लकचेन प्रविधिजस्ता उदीयमान प्रविधि प्रयोगले धितोपत्रको राफसाफ र फछ्र्योट प्रक्रिया थप कुशल र सुरक्षित बनाउन सक्ने छ । नयाँ एक्स्चेन्जले परम्परागत इक्विटी कारोबार अतिरिक्त बन्ड मार्केट, कर्पोरेट बन्ड र हरित बन्डजस्ता नयाँ वित्तीय उत्पादन प्रवर्द्धन गरी बजार गहिराइ बढाउनुका साथै कम्पनीलाई पूँजी परिचालनका लागि थप विकल्प प्रदान गर्न सक्ने हुनुपर्छ ।

***पूँजीबजारबाट राजस्व वृद्धि : आगामी बजेटलाई टेवा***

नेपालको पूँजीबजारले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटलाई टेवा दिन सक्छ । राजस्व संकलनमा कमी र विदेशी अनुदान घटेकाले सरकारले करिब ६ खर्ब रुपैयाँसम्म ऋण बढ्ने चिन्ता व्यक्त भइरहेको बेला पूँजीबजारको आकार विस्तारबाट राजस्व वृद्धि एक महत्त्वपूर्ण समाधान हुन सक्छ । यसको सम्भावना सेयर कारोबारमा उल्लेख्य वृद्धि र कमोडिटी एक्स्चेन्जको उदयमा निहित छ । चालु आव २०८१/८२ फागुन मसान्तसम्म मात्रै सेयर बजारबाट १२ अर्ब २० करोड रुपैयाँभन्दा बढी पूँजीगत लाभकर (सीजीटी) संकलन हुनुले यो तथ्यलाई पुष्टि गर्छ, जबकि कमोडिटी एक्स्चेन्ज स्थापना र सक्रिय सञ्चालनले वस्तु कारोबारबाट प्राप्त हुने शुल्क र करमार्फत राजस्वको नयाँ स्रोत खोल्नेछ, जुन क्षेत्र नेपालमा हालसम्म पूर्णरूपमा उपयोगमा आइसकेको छैन । प्रत्यक्ष करका अतिरिक्त एक जीवन्त पूँजीबजारले समग्र अर्थतन्त्रमा लगानीलाई प्रोत्साहित गर्दै पूँजी निर्माणमा सहयोग पुऱ्याउँदै र व्यवसाय विस्तार नेतृत्व गर्दै गुणात्मक प्रभाव पार्छ, जसले अन्ततः समग्र कर आधारलाई फराकिलो बनाउँछ । यद्यपि, पूँजीबजार अस्थिर हुने भएकाले सीजीटी र कमोडिटी कारोबारबाट हुने राजस्व बजार मनोवृत्ति, आर्थिक अवस्था र लगानीकर्ताको विश्वासका आधारमा घटबढ हुन सक्छ र कमोडिटी एक्स्चेन्जको सफलताका लागि बलियो नियामक संरचना र स्पष्ट करनीति अपरिहार्य छन् ।

***निष्कर्ष : राष्ट्रिय समृद्धिको अनिवार्य कदम***

नेपालमा दोस्रो स्टक एक्स्चेन्ज स्थापना केवल प्रतिस्पर्धाका लागिमात्र नभई राष्ट्रिय अर्थतन्त्र विकास, पूँजीबजारको आधुनिकीकरण, विस्तार र अन्तर्राष्ट्रियकरणका लागि अपरिहार्य छ । यो लगानीकर्ताको अधिकार, पूँजीबजारको स्थायित्व र समग्र राष्ट्रिय समृद्धिका लागि महत्त्वपूर्ण कदम हो । यसले पूँजीबजारबाट राष्ट्रको राजस्व बढाउनुका साथै डेरिभेटिभ्स र कमोडिटी बजारजस्ता नयाँ स्रोतबाट पनि आम्दानीको ढोका खोल्छ । बढ्दो कम्पनी सूचीकरणको चाप, एनआरएन लगानी भित्र्याउने अवसर, कमोडिटी र डेरिभेटिभ्स जस्ता नयाँ बजार खण्डको आवश्यकता, प्रतिस्पर्धाबाट आउने दक्षता र सेवाको गुणस्तर सुधार, प्रणालीगत जोखिम व्यवस्थापन, भूमण्डलीकरणको माग र निजी क्षेत्र प्रवर्द्धन अवधारणाले अर्को स्टक एक्स्चेन्जको आवश्यकतालाई बलियो तार्किक आधार दिन्छ । अन्तर्राष्ट्रिय अभ्यास, विशेषगरी भारतीय बजारको सफलताले, बहु-एक्स्चेन्ज प्रणालीले बजारलाई कसरी परिपक्व र गतिशील बनाउन सक्छ भन्ने स्पष्ट उदाहरण देखाउँछ । वर्तमान एकल प्रणालीमा देखिएका प्राविधिक अपर्याप्तता र बारम्बारका समस्याले लगानीकर्तामा पारेको आर्थिक नोक्सानी तथा विश्वासको संकट सम्बोधन गर्न र भविष्यमा देखिएको पूँजीबजार विस्तारको अपार सम्भावना मध्यनजर गर्दै दोस्रो स्टक एक्स्चेन्ज एक सम्भावित र आवश्यक विकल्प हुन सक्छ ।रासस

# देश विकासका लागि परिवर्तनकारी शक्ति एकै ठाउँमा हुनुपर्छ : रघुवीर महासेठ



नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सचिव रघुवीर महासेठ प्रतिनिधिसभा सदस्य हुनुहुन्छ। २०५१ सालदेखि नेपाली कम्युनिष्ट आन्दोलनबाट राजनीतिक यात्रा सुरु गर्नुभएका उहाँ २०६६ सालको उप-निर्वाचनमा धनुषा-५बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएपछि संसदमा प्रवेश गर्नुभएको हो। २०७४ सालको सङ्घीय निर्वाचनमा धनुषा-४बाट निर्वाचित महासेठ २०७५ देखि २०७६ सम्म भौतिक पूर्वाधार तथा यातायातमन्त्री हुनुभयो। त्यसैगरी २०७८ मा केही समय परराष्ट्रमन्त्री तथा २०६८ मा सिँचाइमन्त्री बन्नुभएको थियो। सांसद महासेठसँग राससका समाचारदाता सुशील दर्नालले उहाँको दैनिक गतिविधि, संसदीय अभ्यास, संविधान कार्यान्वयन र संशोधन, निर्वाचन प्रणाली, वर्तमान राजनीतिक व्यवस्था र जनताको अवस्था, युवा पलायन र वेरोजगारी, देशको आर्थिक विकास, सुशासन, राजनीतिक गतिविधि र समसामयिक विषयमा लिनुभएको अन्तर्वार्ताको सम्पादित अंश:

*आजभोलि केमा व्यस्त हुनुहुन्छ ?*

-अहिले संसद्‌को बजेट अधिवेशन चलिरहेको छ। बजेटमाथिको छलफलमा माननियहरुले आ-आफ्नो धारणा राख्ने क्रम जारी छ।संसदीय समितिको वैठकपनि सञ्चालन भइरहेको छ। योसँगै म पार्टीको एउटा जिम्मेवार नेता भएका हिसावले पार्टीको दैनिक क्रियाकलापमा भाग लिइरहेको छु। मुख्यगरी संसद् चलेको बेला संसदमा र नचलेको बेला जनताको बीचमा हुन्छु।

*देशको संसदीय अभ्यासलाई कसरी विश्लेषण गर्नुभएको छ ?*

-संसद् भनेको कानुन बनाउने थलो हो। ती कानुनको मस्यौदा सरकारले तयार गरेर ल्याउने हो। सरकारले ल्याएका विधेयकमाथि संसद् र संसदीय समितिमा पर्याप्त छलफल हुन्छ। आवश्यक छलफल र सशोधनपछि त्यहाँबाट पारित हुन्छ। २०७२ सालको संविधान घोषणा भएपश्चात संसद्‌ले धेरै कानुन बनाइसकेको छ।



अझै धेरै कानुन बनाउन बाँकी नै छ। ती बाँकी कानुन बनाउनमा हामी व्यस्त छौँ। अहिले संसद् कानुन निर्माणको सवाल वा जनताका विषयवस्तुलाई संसदमार्फत सरकारको ध्यानाकर्षण गराउने विषयमा सक्रिय रहँदै आएको छ।

*सदनमा राखिएका विषयलाई सरकारले कत्तिको कार्यान्वयन गरेको छ ?*

-संसद् भनेको जनप्रतिनिधिको थलो हो। जनताले चुनेका प्रतिनिधिमार्फत जनताका मुद्दा सदनमा राख्ने गरिन्छ। कानुन निर्माणसँगै सांसदले आफ्नो निर्वाचन क्षेत्रलगायत जनताका समसामयिक विषयलाई प्राथमिकताका साथ राख्दै आउनु भएको छ। तर, हाम्रो जस्तो देशमा जनप्रतिनिधिले राखेका सबै विषय सरकारले कार्यान्वयन गर्न सक्दैन। सदनमा उठेका धेरै कुरा आर्थिकसँग जोडिएका हुन्छन्। जनताका विषयवस्तु उठाउँदै गर्दा हामीले देशको आर्थिक अवस्था पनि बुझ्नुपर्छ। यद्यपी, सरकारले तत्काल सम्बोधन नगरि नहुने विषयवस्तुलाई सम्बोधन गरेको छ। जनप्रतिनिधिले राखेका महत्वपूर्ण र तुरुन्तै गर्नुपर्ने कामको लागि सभामसुखले सरकारलाई रुलिङ गर्दैआउनुभएको छ। यदी संसद्‌बाट गर्नुपर्ने रहेछ भने सभामुखले सम्वन्धित दलका प्रमुख सचेतकसँग छलफल गरी समाधानका लागि कोसिस गर्दैआउनुभएको छ।

*संविधान कार्यान्वयनबारे तपाईंको धारणा ?*

-हाम्रो संविधानको संरचनाअनुसार कुनैपनि पार्टीले एकल बहुमतको सरकार बनाउन सकेका छैनन्। एउटा पार्टीको बहुमतको सरकार बन्न नसकेपछि गठबन्धनको सरकार बन्ने गरेको छ। संविधान जारी भएपछि पनि पटक-पटक सरकार परिवर्तन भएको छ। त्यसले राजनीतिक स्थितरता दिन सकेको छैन। राजनीतिक अस्थिरताका कारण संविधानको जति कार्यान्वन हुनुपर्ने हो, त्यति हुन सकेको छैन्। तर पनि देशमा विकासले फड्को मारेकै छ।

*संविधान संशोधनमा तपाईंको भनाइ के छ ?*

-संविधानमै संशोधन गर्न सकिने प्रावधान राखिए पनि जबसम्म संशोधनको विषयमा राष्ट्रिय सहमति हुँदैन, तबसम्म संशोधन गर्नु हुँदैन। दुई तिहाई मत अहिलेको सरकारसँग छ। तरपनि हामी सकेसम्म संसदभित्र क्रियाशिल भएका सबै पार्टीलाई समेटेर अगाडि बढ्न खोजिरहेका छौँ। सङ्घीयता वा अन्य जुनसुकै विषयमा संशोधनको लागि सबै दलको सहमति अनिवार्य छ। संशोधन गर्दा सकभर कतैबाट पनि विरोध आउनु हुँदैन।

*संविधान कुन-कुन विषयमा संशोधन गर्नुपर्छ ?*

-संविधान संशोधन धेरै विषयमा गर्नुपर्ने छ। संशोधनको विषय संविधान कार्यान्वयन गर्दैगर्दा हुने आवश्यकताको आधारमा गर्ने हो। जनताले अहिले अभ्यासमा रहेको सङ्घीयताबारे टिका-टिपणी गरिरहेका छन्। सङ्घीता महङ्गो भयो भनिरहेका छन्। यसबारेमा मैले संशोधन गर्नुपर्ने देखेको छु। देशको आर्थिक अवस्थालाई हेर्दा यति धेरै संख्याका सरकारको आवश्यकता छैन। देशको अवस्था सुहाउँदो सङ्घीयता बनाउनुपर्ने आवश्यकता छ। त्यसैगरी निर्वाचन प्रणालीभित्र पनि समानुपातिक र राष्ट्रिसभालगायत विविध विषयमा संविधानलाई पुनःविचार गर्नुपर्छ। तर नेपाली कांग्रेस र नेकपा (एमाले)ले मात्रै सहमति गरेर संविधान संशोधन गर्दा जनतामा राम्रो सन्देश जाँदैन।

*निर्वाचन प्रणाली कस्तो हुनुपर्छ ?*

-निर्वाचन प्रणाली आफैँमा खराब होइन। हामी अहिलेकै प्रत्यक्ष निर्वाचन प्रणालीमै जानुपर्छ। एद्यपी, कतिपय राजनीतिक दलले शत प्रतिशत समानुपातिकको कुरा पनि गरेका छन्। नेपालजस्तो देशमा शत प्रतिशत समानुपातिक निर्वाचन प्रणाली उपयुक्त हुँदैन। बरु १६५ को सङ्ख्यालाई घटाउन सकिन्छ। संविधान निर्माण गर्नुअघि प्रत्यक्ष निर्वाचित राष्ट्रपति र प्रधानमन्त्रीको विषय पनि उठेको थियो।

*व्यवस्थाप्रति भइरहेको टिका-टिपणीबारे तपाईं के भन्नुहुन्छ ?*

-नेपालमा फेरी राजतन्त्रको कुनै सम्भावना छैन। नेपाली जनताले राजतन्त्रको २४० वर्षको इतिहास पनि हेरिसकेका छन्। अहिले नेपालमा जुन राजनीतिक व्यवस्था छ, यो नै सर्वोउत्तम व्यवस्था हो। जनताले भनेअनुसार दलहरुले कतिपय ठाउँमा राम्रो काम गरेका छैनन् होला त्यो बेग्लै पाटो भयो तर, व्यवस्था नै ठिक भएन भन्ने होइन।

*जनताको अवस्थालाई कसरी हेर्नुभएको छ ?*

-जनताको अवस्था राजतन्त्रमा जस्तो थियो, अहिले त्यस्तो छैन। राजाको पालामा देश जति गरिब थियो, त्यो गरिबी अहिले छैन। देशले विकासमा धेरै फड्को मारेको छ। जनताको घर-घरमा यातायातको सुविधा छ। सडकको विकास भएको छ। सूचना, सञ्चार, प्रविधि र शिक्षालगायत अन्य धेरै क्षेत्रमा उत्तिकै विकास भएको छ। तर, राजतन्त्रको पालामा त्यस्तो थिएन। काम गर्दैजाँदा हामीबाट केही गल्ति पनि हुन सक्छ। हामीले सबै राम्रो गरेका छौँ पनि म भन्दिन। त्यो कमिकमजोरीलाई सच्याउँदै अगाडि बढियो भने जनतामा परेको नकारात्मक भावनालाई चिर्न सकिन्छ। त्यसको लागि दलहरुले आफ्नो गल्ती स्वीकार गर्नैपर्छ।

*युवा पलायन रोक्न के गर्न सकिन्छ ?*

-युवा पलायन रोक्न बहुउद्देश्य योजना बनाएर कार्यान्वयन गर्नुपर्छ। हाम्रो देशमा लगानी गर्न विदेशका उद्योगपतिलाई आह्वान गर्नुपर्छ। ३०/४० वर्ष अगाडिको चाइना र अहिलेको चाइना हेर्दा धेरै फरक छ। भारतलाई हेरियो भनेपनि त्यहाँ संसारका व्यापारिको ओइरो छ। तर, हाम्रो देशमा उद्योगी व्यापारि किन आउँदैनन छ ? यो विषयमा हाम्रो कमिकमजोरी भएकै हो। त्यसैले कानुन संशोधन गरेर भएपनि विदेशी लगानीलाई भित्र्याउनुपर्छ। त्यसो गर्न सकियो भने नेपालमा कलकारखाना खोल्न सकिन्छ। कलकारखाना खोलेसँगै युवाले देशभित्रै रोजगारी पाउँछन्। देशको सम्भावनाको क्षेत्र पर्यटनमा हामीले ध्यान दिनुपर्छ। यो क्षेत्रलाई अझै व्यवस्थित गर्नुपर्छ। नेपालमा विद्युत्को त्यतिकै सम्भावना छ। जुन काम वर्तमान सरकारले गर्ने खोजेको छ त्यसको मोडालिटि पनि तयारी गरिरहेको छ। सरकारले युवालाई रोजगारी दिनुपर्छ। यदी रोजगारी दिन सकिएन भने उनीहरुलाई राज्यले सेवा/सुविधा दिनुपर्छ। यदी विदेशै पठाउने हो भनेपनि कम्तिमा तालिममार्फत क्षमतावान बनाएर पठाउनुपर्छ।

*देशलाई आर्थिक रुपमा सम्पन्न बनाउन के गर्नुपर्छ ?*

-देशलाई आत्मनिर्भर बनाउने हो भने सरकारले कृषितर्फ ध्यान दिनुपर्छ। कृषिमा लगानी बढाउनुपर्छ। कृषिलाई हामीले आधुनिकिकरण गर्नै सकेका छैनौँ। सिँचाइको व्यवस्था गर्न सकेका छैनौँ। नेपालमा मल कारखाना खोल्नुपर्छ। सुविधाको हिसाबले हामीसँग विजुली र बाटोको विकास भएकै छ। जनकपुर चुरोट कारखाना, चिनी मिल र जुट मिललगायत देशैभरी बन्द भएका उद्योगलाई पुनःसञ्चालन गर्नुपऱ्यो। हामीले केन्द्रीकृत गरेर राखेको अधिकारलाई विकेन्द्रीकृत गर्नुपर्छ। अहिले संसारले नेपाललाई पर्यटनको हिसावले केन्द्रमा राखेको छ। त्यसलाई अझै व्यवस्थित गर्नुपर्छ।

*सुशासन कायम गर्न के गर्न सकिन्छ ?*

-अहिले राजनीतिक पार्टी र हामी नेता आत्मकेद्रित भएका छौँ। देशको विकासभन्दा पनि कसरी सरकारमा जाने भन्ने ध्यानमै छौँ। जनताप्रति उत्तरदायि हुनेभन्दा पनि आगामी चुनाव कसरी जित्ने भन्नेमै केन्द्रित छौँ। त्यसकारण सुशासन ल्याउन पहिला दलहरु सच्चिनुपर्छ। दल र दलका नेता पारदर्शी हुनुपर्छ। भ्रष्टाचारी जोसुकै भएपनि कानुन बमोजिम कारवाही गर्न सक्नुपर्छ। अर्को, सुशासन कायम गर्न जनतालाई सरकारले द्रुतगतिमा सेवा प्रवाह गर्नुपर्छ। चुनाव जितेपछि कम्तिमा पाँच वर्ष जनताको सेवा मात्रै गर्छु भन्ने संकल्प नेतामा हुनुपर्छ।

*ठूला राजनीतिक दललाई सुझाव के छ ?*

-हामी सबै मिलेर राजतन्त्र फालेर गणतन्त्र ल्यायौँ, त्यसरी नै अब जनताको अवस्था परिवर्तनका लागि दलहरु एकै ठाउँमा आउनुपर्छ। दलहरु मिलेर व्यवस्था ल्याएपछि हामी आ-आफ्नो स्वार्थमा केन्द्रित भयौँ। पहिला सबै पार्टीका नेतृत्वले पार्टीगत स्वार्थ छोड्नुपर्छ। देशको विकासमा सबै दल एकै ठाउँमा उभिनुपर्ने अहिलेको आवश्यकता पनि हो। अहिले देशको अवस्था पुरै बिग्रियो भन्ने होइन। तर, अझै राम्रो बनाउन दलहरु एक-अर्कालाई गाली गरेर होइन, मिलेर जानुपर्छ।

*जनतालाई दिएको प्रतिबद्दता कति पुरा गर्नुभयो ?*

-हामीले देशको आर्थिक अवस्थालाई ध्यानमा राखेर जनतालाई ठूलो-ठूलो आश्वासन दिएका छैनौँ। नेपाललाई स्वर्ग बनाइदिन्छौँ मैले भनेको थिइन। नेपाललाई संसारकै धनी देश बनाउँछु भनेर मैले चुनाव जितेको होइन। जनतालाई दैनिक जीवनमा आइपर्ने समस्या समाधान गर्छु भनेर थिएँ, जुन कार्यान्वयन गरिरहेको छु। सरकारले देशको आर्थिक अवस्थाअनुसार विकास काम गरेकै छ।

*जनतालाई तपाईंको सन्देश के छ ?*

-देशमा राजनीतिक स्थिरताको लागि आगामी निर्वाचनमा कुनै एउटा पार्टीलाई बहुमत दिन म जनतालाई आह्वान गर्दछु। कुनै एउटा पार्टीले बहुमत ल्यायो भने उसले आफ्नो कार्यकालमा राम्रो काम गर्न सक्छ। यदी बहुमत पाएको पार्टीले जनताको बाचाअनुसार काम गरेन भने त्यसलाई अर्को निर्वाचनमा मत नदिनुहोस् भन्न चाहन्छु। .राससबाट

# साह दाजुभाइको विरासत : जनकपुरधामका ओझेलमा परेका उज्याला चरित्र

दैनिक समाचारदाता

जनकपुरधाम ५ असार । "धनी हुन सम्पत्तिको थुप्रो होइन, सन्तुष्ट मन चाहिन्छ"–यही सिद्धान्त बोकेका थिए जनकपुरधामका रामस्वरुप साह र रामसागर साह। व्यापारिक परिवारमा जन्मिए पनि उनीहरू सम्पत्ति साँच्नभन्दा समाज गढ्न रुचाउने विरला व्यक्तित्व थिए। जनकपुरधामलाई आधुनिक शिक्षा, स्वास्थ्य र सामाजिक रूपान्तरणको थलो बनाउने सपना उनीहरूले आफ्नै जीवनको उद्देश्य बनाएका थिए।

साह दाजुभाइले परोपकारको संस्कार आफ्ना पिताबाट पाए। भातु साहका सन्तानहरूले साकेत विहारी मन्दिरदेखि मटेश्वरनाथ मन्दिरको पुनर्निर्माणसम्म गरेका कार्यले धार्मिक भावनासँगै सार्वजनिक सेवामा उनको रुचि झल्काउँथ्यो। वि.सं. २००१ मा स्थापना गरिएको धर्म संस्थामा ३०२ विघा जमिन र धानसहितको दान केवल एक परम्परा मात्र होइन, सामाजिक उत्तरदायित्वको अनुपम




उदाहरण थियो।

शिक्षा क्षेत्रमा उनीहरूको योगदान यति ऐतिहासिक छ कि आज पनि राराव क्याम्पस, सरस्वती मावि वा सकल भवन कन्या विद्यालय हेर्दा ती असल सपना अझै बाँचेको अनुभूति हुन्छ। कानुनी बाध्यता नभए पनि, उनीहरूले पटना विश्वविद्यालयसँग सहकार्य गरी जनकपुरमा उच्च शिक्षाको ढोका खोल्न सफल भए।

शिक्षासँगै स्वास्थ्य क्षेत्रमा पनि उनीहरूको सोच अग्रगामी थियो। जनकपुर अञ्चल अस्पतालको स्थापना, प्रसूति गृह, मेडिकल कक्ष, र नेपाल-भारत सिमानामा 'मैत्री पुल' निर्माण जस्ता कार्यहरूले सीमावर्ती जीवन सहज बनाएको छ। गंगासागरको पुनःनिर्माण, राममन्दिरको संरक्षण, धार्मिक धर्मशालाको निर्माण यी सबै काम एकै जीवनमा गर्न सकिन्छ भन्ने उदाहरण उनीहरूले देखाए।

तर विडम्बना, त्यही धर्म संस्था अहिले माओवादी द्वन्द्वकाल, सरकारी हदबन्दी र स्थानीय माफियाको कब्जा बीच छटपटाइरहेछ। प्रभाकर साहका अनुसार सयौँ विघा जग्गा गुमिसकेको छ। अझ दुःखद कुरा त के छ भने, जनकपुरको पुनर्निर्माणका नायक रामस्वरुप-रामसागरको योगदान आज ओझेलमा परेको छ–न शालिक छ, न चोक, न कुनै औपचारिक कदर।

भानुचोकमा शालिक बनाउने विवादबीच समाजका सत्य सेवकहरू बिर्सिंदै गएका छन्। तर प्रभाकर साहको अपिल गहिरो छ–"झगडाको साटो जनकपुरधामलाई आधुनिक बनाउने व्यक्तित्वहरूको सम्मान गरौँ।"

यो त केवल श्रद्धाञ्जलि होइन, समर्पणको स्मरण हो। जनकपुरधामका हरेक इँटा र सपनामा उनीहरूको छायाँ छ–अब राज्य र समाजले त्यो उज्यालो अनुहार फेरि देख्नुपर्ने समय आएको छ।

# बढे सर्पदंशका बिरामी

दैनिक समाचारदाता

सर्लाही, ५ असार । सर्लाहीसहित तराईका जिल्लामा सर्पदंशका बिरामीको चाप बढेको छ । गर्मीसँगै यहाँका सर्पदंश उपचार केन्द्र र अस्पतालमा विषालु सर्पले डसेर उपचारका लागि आउने बिरामीको चाप ह्वात्तै बढेको हो । पूर्वपश्चिम राजमार्गस्थित सर्लाहीको नवलपुरमा सञ्चालित सर्पदंश उपचार केन्द्रमा जेठमा मात्रै १०२ जना सर्पदंशका बिरामीको उपचार भएको छ ।

अत्यधिक गर्मी भएको जेठमा ४१ जना पुरुष, ५१ जना महिला र १० जना बालबालिका गरी १०२ जना बिरामीको उपचार गरिएको नवलपुर सर्पदंश उपचार केन्द्रका इन्चार्ज जगरनाथ यादवले जानकारी दिनुभयो । उपचार केन्द्रमा यसअघि वैशाखमा ३९ जना सर्पदंशका बिरामी भर्ना भएका थिए ।

केन्द्रका इन्चार्ज यादवका अनुसार असार लागेपछि सर्पदंशको घटना झनै बढेको छ । असार १ गते एकै दिन सर्पले डसेका सात जना बिरामी भर्ना भएका थिए । असार १ गतेदेखि बुधबार मध्याह्नसम्ममा १४ जना सर्पदंशका बिरामी भर्ना भइसकेका छन् । प्रादेशिक अस्पताल मलङ्गवामा पनि सर्पदंशका बिरामीको चाप बढिरहेको अस्पतालले जनाएको छ ।

वैशाखमा १२५ जना सर्पदंशका बिरामी भर्ना भएका प्रादेशिक अस्पताल मलङ्गवामा जेठमा २१२ जनाको उपचार भएको अस्पतालमा कार्यरत नर्स सङ्गीता श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार अस्पतालमा असार लागेपछि बुधबार बिहानसम्ममा २८ जना सर्पदंशका बिरामीको उपचार गरिएको छ ।

जिल्लाको दक्षिण-पश्चिम भेगस्थित नगर अस्पताल बरहथवामा वैशाखमा पाँच जना, जेठमा १३ जना र असारमा बुधबार बिहानसम्म दुई जना सर्पदंशका बिरामीको उपचार गरिएको अस्पतालका इन्चार्ज नरेन्द्रकुमार साहले बताउनुभयो । पानी परेर जमिन तातेसँगै विषालु सर्पको बिगबिगी बढ्ने भएकाले सावधानी अपनाउन चिकित्सकको सुझाव छ ।

सर्पदंशको उपचार हुने सर्लाहीका नवलपुर, मलङ्गवा र बरहथवाका सर्पदंश उपचार केन्द्र तथा अस्पतालमा आइसियु र भेन्टिलेटरबिनै 'एन्टी स्नेक भेनम' को भरमा उपचार भइरहेको छ । गम्भीर अवस्थामा ल्याइएका सर्पदंशका बिरामीलाई आइसियु र भेन्टिलेटरको अभावमा वीरगन्ज, जनकपुर वा भारततर्फ रिफर गर्ने गरिएको छ ।

# न्यायको पर्खाइमा प्रेमकिशोरका परिवार




दैनिक समाचारदाता

जनकपुरधाम, ५ असार । सवैला नगरपालिका-१०, खरिहानीका प्रेमकिशोर साहको मृत्यु भएको दुई वर्ष भइसक्दा पनि उनका परिवारजन अझै न्यायको खोजीमा भौतारिइरहेका छन्। ११ हजार भोल्टेजको लाइनमा झुण्डिरहेको इन्टरनेटको तारमा सटिएर ज्यान गुमाएका प्रेमकिशोरकी पत्नी मनिता साहले हालसम्म न्याय नपाएको भन्दै सार्वजनिक रूपमा आह्वान गरेकी छन्।

वि.सं. २०८० असार २२ गते साँझ, प्रेमकिशोर साह खरिहानी बजारमा रहेको आफ्नै हार्डवेयर पसल बन्द गरी घर फर्किरहेका थिए। घर नजिकैको सडकमा अलपत्र झुण्डिरहेको इन्टरनेटको तारमा छोएर करेन्ट लाग्दा घटनास्थलमै उनको मृत्यु भयो। पीडित परिवारका अनुसार, घटनास्थलमा करेन्ट प्रवाह भइरहेको तार ११ हजार भोल्टेज क्षमताको थियो, जुन सुविसु इन्टरनेट कम्पनीकै भएको पुष्टि भए पनि न त छानबिन भएको छ, न क्षतिपूर्ति प्रदान गरिएको छ। जनकपुरधाममा बिहीबार आयोजित पत्रकार सम्मेलनमा मनिता साहले भनिन्, "मेरो पति मेरो दुई सन्तान (१० र ८ वर्ष) र सासु-ससुराको एकमात्र आश्रय थिए। उहाँको मृत्युले हाम्रो जीवन नै संकटमा पर्‍यो। म इलाका प्रहरी कार्यालयदेखि जिल्ला प्रशासन कार्यालयसम्म धाइरहेकी छु, तर न्याय आश्वासनमै सीमित छ।"

उनको आरोप छ, "सुविसु इन्टरनेट कम्पनीको लापरवाहीका कारण तार समयमै मर्मत नभएको हो। यदि तार बाँधिएको हुन्थ्यो भने आज मेरो पति जीवित हुन्थे।"

मृतकका पिता मुंजेश्वर साहका अनुसार, घटना भएको तत्कालपछि स्थानीय बासिन्दा र व्यवसायीहरूले संयुक्त रूपमा प्रशासनमा दवाब दिएका थिए। जनकपुरधाममै पुगेर आन्दोलनसमेत गरिएको थियो। "तर दुःखको कुरा, प्रहरीले उजुरी त दर्ता गर्‍यो, तर अहिलेसम्म निष्कर्षमा पुगेको छैन," उनले भने। उनका अनुसार, सवैला इलाका प्रहरी कार्यालयमा यसबीचमा तीन जना इन्सपेक्टर परिवर्तन भइसकेका छन्, तर कसैले पनि मुद्दालाई गम्भीरतापूर्वक अघि बढाएनन्।

मनिता साह भन्छिन्, "मेरो पति व्यवसायी थिए, त्यसैले जनकपुरधाम उद्योग वाणिज्य संघले पनि आवाज उठाउनुपर्छ।" उनले क्षतिपूर्ति नपाएसम्म संघर्ष जारी राख्ने बताउँदै भनिन्, "मेरा छोराछोरी अझै साना छन्, उनीहरूको पढाइ र भविष्य कसरी अगाडि बढाउने भनेर चिन्तामा छु।"

पीडित परिवारले सञ्चारमाध्यम, नागरिक समाज, व्यवसायी, राजनीतिक दल र प्रशासनिक निकायसँग घटनाको निष्पक्ष छानबिन, जिम्मेवार कम्पनीविरुद्ध कानुनी कारबाही र पीडित परिवारलाई तत्काल क्षतिपूर्तिको माग गरेका छन्। "इन्टरनेट कम्पनीको लापरवाहीले ज्यान गएको छ, यो विषय टार्न खोज्नु कानुनी मात्र होइन, नैतिक रूपमा पनि आपत्तिजनक हो," मनिता साहको दृढ भनाइ थियो।

# ११ महिनामा यूएईमा २८१ नेपालीको मृत्यु

दैनिक समाचारदात

काठमाडौं ५ असार । चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो ११ महिनामा वैदेशिक रोजगारीको सिलसिलामा युनाइटेड अरब इमिरेट्स (यूएई) पुगेकामध्ये २८१ नेपालीको मृत्यु भएको छ ।

यूएईस्थित नेपाली दूतावासका अनुसार, २०८१ साउन १ देखि २०८२ जेठ मसान्तसम्मको अवधिमा यूएईमा उक्त संख्यामा नेपालीको मृत्यु भएको हो ।

दूतावासले सार्वजनिक गरेको विवरणअनुसार २०८१ साउनमा ३०, भदौमा ३२, असोजमा ३३, कात्तिकमा ३५, मंसिरमा २४, पुसमा १३, माघमा २५, फागुनमा १७, चैतमा १७, २०८२ वैशाखमा ३५ र जेठमा २० नेपालीको मृत्यु भएको छ ।

पछिल्लो ११ महिनामा प्रत्येक महिना औसतमा २५ जनाभन्दा बढी नेपाली कामदारको मृत्यु यूएईमा भएको छ ।गत आर्थिक वर्ष २०८०/८१ मा यूएईमा २३१ नेपालीले ज्यान गुमाएका थिए । उक्त वर्ष प्रत्येक महिना औसतमा १९ जनाभन्दा बढी नेपालीको मृत्यु यूएईमा भएको थियो ।

सडक दुर्घटना, कार्यस्थल दुर्घटना, हृदयघात, मुटुसम्बन्धी रोग लगायतका कारण नेपालीले यूएईमा ज्यान गुमाउने गरेका छन् ।


जनकपुरधाम, उ.न.पा.-१३, धनुषा स्थित वर्षा राईस एण्ड फ्लोर मिलको लागि आवश्यक पर्ने प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी

## सार्वजनिक सूचना

मधेश प्रदेश धनुषा जिल्ला जनकपुरधाम उ.न.पा.-१३ वर्षा राईस एण्ड फ्लोर मिल स्थित निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नामः | बर्षा राईस एण्ड फ्लोर मिलको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी गर्ने कार्य। |
| प्रस्तावकको नाम र ठेगानाः | नामः- बर्षा राईस एण्ड फ्लोर मिल<br>ठेगानाः-जनकपुरधाम उ.न.पा.-१३, धनुषा<br>सम्पर्क नंः- ९८०११६५३१२३ |
| प्रस्तावको ब्यहोराः | धनुषा जिल्ला जनकपुरधाम उ.न.पा.-१३ को किता नं.१५८ को क्षेत्रफल ०-१-१५ (बिगहा-कठ्ठा-धुर) भएको जग्गामा निर्माण तथा संचालन भईरहेको बर्षा राईस एण्ड फ्लोर मिलको लागी प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी गर्ने कार्य। |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा : | जिल्ला धनुषा जनकपुरधाम उ.न.पा.-१३ |

माथी उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक प्रणाली भौतिक प्रणाली जैविक प्रणाली सामाजिक प्रणाली साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थय चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागी पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| सम्बन्धित वडा कार्यालय : | जनकपुरधाम उ.न.पा.-१३<br>१३ नं वडा को कार्यालय, धनुषा |
| प्रस्तावकको नाम र ठेगाना : | नामः- बर्षा राईस एण्ड फ्लोर मिल<br>ठेगानाः-जनकपुरधाम उ.न.पा.-१३, धनुषा<br>सम्पर्क नंः-९८०११६५३१२३ |
| परामर्शदाताको नाम र ठेगाना : | सुनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा.लि., बिरगंज-१६, पर्सा।<br>सम्पर्क व्यक्ति : शम्भु प्रसाद चौरसिया<br>सम्पर्क नं. : ९८५१००६६४३<br>इमेल : shambhuprasadchaurasia@gmail.com |


# देवरले गरे भाउजूको हत्या

दैनिक समाचारदाता

मकवानपुर, ५ असार । मकवानपुरको थाहा नगरपालिका १ स्थित कुन्छालमा एक महिलाको हत्या गरिएको छ । छिमेकी देवर नाता पर्ने स्थानीय विमलमान गोपालीले भाउजू तुलमाया गोपालीलाई धारिलो हतियार प्रहार गरी बिहीबार हत्या गरेका हुन् ।

बिहीबार दिउँसो १४:२० बजेको समयमा ५० वर्षीया तुलमाया गोपालीलाई छिमेकी देवर नाता पर्ने ३५ को विमलमान गोपालीले धारिलो हतियार प्रहार गर्दा घटनास्थलमा नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरको प्रहरी नायव उपरीक्षक श्यामु अर्यालले जानकारी दिनुभयो । उहाँका अनुसार मृतक महिलाको टाउको र जिउ छुट्टिएको छ ।

प्रहरी हत्यामा संलग्न विमलमानलाई खोजतलास गर्ने क्रममा दिउँसो १५:३५ बजेको समयमा थाहा नगरपालिका ३ थाना बजारबाट प्रहरीले खुकुरी सहित नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय पालुङमा ल्याई राखिएको छ । घटनास्थलको प्रारम्भिक अनुसन्धान पुरा गरी शव पोस्टमार्टमको लागि शिक्षण अस्पताल काठमाडौं पठाइएको छ । मृतकको माइती थाहा १ कुन्छालमा नै रहेको र घटनाको सम्बन्धमा अनुसन्धान भइरहेको प्रहरीको भनाई छ ।

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४